उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

(छाप: उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल)

पत्रसख्या:-०८१/०८२
चलानी नं:- १४४२

---

## गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन सम्बन्धमा !!!

प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१३

ने.सं. ११४५ पोहेलागा १२,आइतबार

प्रस्तुत विषयमा बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि **"गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०८०"**बमोजिम यस उमाकुण्ड गाउँपालिका छनोट भै उमाकुण्ड गाउँपालिकाको ४ र ७ नं. वडामा कार्यक्रम सञ्चालन गर्ने निर्णय भएकाले कार्यविधिको दफा ४ तथा मन्त्रालयको मिति २०८१/०९/२६ को पत्रबमोजिम तपशिलमा उल्लेखित योग्यता आधार भएका गृहिणी महिला सशक्तिकरण कार्यक्रममा सहभागी हुन इच्छुक उमाकुण्ड गाउँपालिका वडा नं. ४ र ७ मा बसोबास गर्ने गृहिणी महिलाहरुले कार्यविधिको दफा ५ बमोजिमका तालिम तथा व्यवसायका विषय क्षेत्र बमोजिम तालिममा सहभागीताका लागि निम्नानुसार कागजात सहितको निवेदन यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तालिम तथा व्यवसायको विषय क्षेत्र :-**

| क्र.स. | कार्यक्रमको विवरण | तालिम अवधि | तालिमको लागि आवश्यक संख्या | विउपूँजी/प्राविधिक सहयोग |
|---|---|---|---|---|
| १ | व्युटिसियन तालिम | न्यूनतम ३ महिना | २० देखि ३० जना | समूहलाई गाउँपालिकामा दर्ता गरी व्यवसायको प्रकृति हेरी रु १ लाख सम्म विउँपूजी वा प्रविधि सहयोग गर्न सकिने तर समूहको प्रत्येक सदस्यले तालिम पश्चात प्रति महिना रु. १००/- आफ्नो समूहको कोषमा जम्मा गर्नुपर्नेछ। |
| २ | सिलाई बुनाई कटाई तालिम | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ३ | अचार र गुन्द्रुक बनाउने | न्यनतम ३ महिना | २० देखि ३० जना | |
| ४ | मैन बत्ती बनाउने | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ५ | पराल एवम् बेतबाँसजन्य सामाग्री निर्माण | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ६ | मौरी पालन | न्यनतम ३ महिना | २० देखि ३० जना | |
| ७ | निर्माण, कृषि,सेवा,विद्युतीय वायरीङ,हस्तकला तथा तयारी पोशाक,खाद्य सामाग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित | न्यूनतम ३ महिना | २० देखि ३० जना | |
| ८ | लघु उद्यय तथा घरेलु उद्योगसँग सम्बन्धित पेसा व्यवसाय | न्यूनतम ३ महिना | २० देखि ३० जना | |

**संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. सम्वन्धित गृहिणी महिलाको निवेदन
२. नागरिकताको प्रतिलिपी
३. पासपोर्ट साइजको फोटो २ प्रति
४. विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी

**सहभागी छनोटका आधारहरु :-**

१. उमाकुण्ड गाउँपालिका वडा नं. ४ र ७ मा बसोबास गरेको हुनुपर्ने।
२. गृहिणी महिला वा गृहणी महिला समुह (समुह भएमा यस वडा कार्यालयमा दर्ता भएको हुनुपर्ने)
३. कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको
४. २० वर्ष पुरा भइ ५५ वर्ष ननाघेको
५. विपन्न, दलित, सीमान्तकृत, लोपन्मुख, सहिद परिवार, एकल महिला, अपाङ्गता भएको महिला, वेरोजगार र आर्थिक रुपले विपन्न महिलालाई प्रथामिकताको आधारमा सहभागी गराइने छ।

**बोधार्थ:**

१. श्री वडा कार्यालयहरु(४ र ७) कार्यविधि अनुसार निवेदन संकलन एवम् छनोट गरि पेश गर्नुहुन।

(हस्ताक्षर) ०/१३
अभिनय अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

---